<u>वैठक संख्या ६३</u>

आज मिति २०८३ साल कार्तिक १७ गते मंगलवार विहान १०.०० वजे मन्थली नगरपालिका नगरकार्यपालिकाको ६३ औं वैठक नगरप्रमुख श्री लब श्रेष्ठको अध्यक्षता एवं देहायका पदाधिकारीहरुको उपस्थितिमा सञ्चालन गरियो ।

उपस्थिति

	नाम थर	पद	हस्ताक्षर
१	श्री लब श्रेष्ठ	नगर प्रमुख	
२	श्री इश्वरी बस्नेत	उप प्रमुख	
३	श्री गोपाल श्रेष्ठ	प्रवक्ता एवं वडा अध्यक्ष वडा नं. ८	
४	श्री होम प्रसाद पौडेल	१ नं. वडा अध्यक्ष	
५	श्री सुरेन्द्र बहादुर कार्की	२ नं. वडा अध्यक्ष	
६	श्री कृष्ण गोपाल थापा	३ नं. वडा अध्यक्ष	
७	श्री राजन घिमिरे	४ नं. वडा अध्यक्ष	
८	श्री रविन कार्की	५ नं. वडा अध्यक्ष	
९	श्री अशोक तामाङ्ग	६ नं. वडा अध्यक्ष	
१०	श्री भुवनहरी प्रसाई	७ नं. वडा अध्यक्ष	
११	श्री गोकर्णराज आरण	९ नं. वडा अध्यक्ष	
१२	श्री गोपिलाल तामाङ्ग	१० नं. वडा अध्यक्ष	
१३	श्री भिम वहादुर थापामगर	११ नं. वडा अध्यक्ष	
१४	श्री खिलेन्द्र वहादुर खत्री	१२ नं. वडा अध्यक्ष	
१५	श्री नवराज थापा मगर	१३ नं. वडा अध्यक्ष	
१६	श्री मोतिलाल तामाङ्ग	१४ नं. वडा अध्यक्ष	
१७	श्री उद्धव रम्तेल	कार्यपालिका सदस्य	
१८	श्री गणेश वहादुर माझी	कार्यपालिका सदस्य	
१९	श्री कुमारी सार्की	कार्यपालिका सदस्य	
२०	श्री मुना सार्की	कार्यपालिका सदस्य	मुना
२१	श्री उर्मिला वुढाथोकी	कार्यपालिका सदस्य	उर्मिला
२२	श्री राधा कार्की	कार्यपालिका सदस्य	राधा
२३	श्री मान वहादुर वि.क.	कार्यपालिका सदस्य	
२४	श्री मनुका कामी	कार्यपालिका सदस्य	
२५	श्री मनोज अधिकारी (प्र.प्र.अ.)	सचिव	

आमन्त्रित उपस्थिती

मन्थली नगरपालिका
कार्यपालिकाको कार्यालय
मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल

मन्थली नगर कार्यपालिका ६३ औं वैठक
मिति : २०८३।०७।१७

निर्णय नं १

कार्यपालिकाको अघिल्लो ६२ औं वैठकमा भएका निर्णय र सो सम्बन्धमा भएका कार्य प्रगतिको समीक्षा गरियो । निर्णय कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाईयो ।

निर्णय नं २

महालेखा परीक्षकको कार्यालयबाट खटिएको डोर/टोलीबाट भएको लेखा परीक्षणको प्रारम्भिक प्रतिवेदनमा औंल्याइएका सैद्धान्तिक, अनियमित र असुल उपर गर्नु पर्ने वेरुजुको विषयमा छलफल गरियो । ओंल्याईएका बेरुजु नियमानुसार फछर्यौट गर्न सम्बन्धित शाखा/निकायलाई जिम्मेवार वनाउन कार्यालयलाई निर्देशन दिने ।

निर्णय नं ३

मन्थली नगरपालिकाको वडा समितिको सिफारिस समेतका आधारमा देहायमा उल्लेखित स्थानहरुमा खुल्ला व्यायमशाला निर्माण गर्ने ।

देहाय

वडा नं	खुल्ला व्यायमशाला निर्माण स्थल	वडा नं	खुल्ला व्यायमशाला निर्माण स्थल
१	तामाकोशी अस्पताल पछाडीको खुला स्थान	८	ठुलो चौर
२	कृष्णलाल पार्क	९	स्थानापति नजिक
३	ठुलीमदौ रातातार खेलमैदान आसमास	१०	सरस्वती मा.वि. देउरालीडाडा खेल मैदान
४	सालु स्वास्थ्य चौकी प्राङ्गण	११	शहरि स्वास्थ्य केन्द्र भवन, भोर्लाझाङ
५	ठुला पोखरी बाल उद्यान भित्र	१२	साविक गेलु-३, पशुपति
६	कुनौरी आसपास उपयुक्त स्थान	१३	जिरोकिलो फुटवल ग्राउण्डछेउ
७	पुरानो वडा कार्यालय भवन	१४	वडा कार्यालय र आभारभूत स्वास्थ्य केन्द्रको वीचमा ।

निर्णय नं ४

मन्थली नगरपालिकाबाट आ.ब. २०८३।०८४ मा सञ्चालन हुने आयोजनाहरुको कार्यान्वयनको अवस्थाको बारेमा छलफल गरियो । योजना सम्झौंतामा यस अघिको वैठकबाट भएको कार्यतालिका बमोजिम योजना सम्झौता कार्य न्यून माहकाले योजना सम्झौताको म्याद **मंसिर मसान्तसम्म** बढाउने ।

निर्णय नं ५

नगरपालिका अन्तर्गतका सबै वडाहरुमा पूर्वाधारसँग सम्बन्धित प्राविधिकहरुको व्यवस्था गरी सम्बन्धित वडामा नै रहि कार्यसम्पादन गर्ने व्यवस्था मिलाउने र पूर्वाधार, कृषि, पशु, प्राविधिकहरुलाई मासिक फिल्ड प्रतिवेदन तयार गरी सम्बन्धित वडा कार्यालय र नगरपालिका कार्यालयमा पेश गर्ने व्यवस्था मिलाउन कार्यालयलाई निर्देशन दिने ।

मनोज अधिकारी
प्रमुख अधिकृत

मन्थली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल

मन्थली नगर कार्यपालिका ६३ औं वैठक
मिति : २०८३।०७।१७

निर्णय नं ६

देहायमा उल्लेखित कार्यविधिहरु माथि दफावार छलफल गरियो। छलफलमा प्राप्त सुझाव समेटी परिमार्जन सहित पारित गर्ने।

क. आई.पि.एम. कृषक पाठशाला सञ्चालन कार्यविधि, २०८३
ख. उत्कृष्ट किसान सम्मान कार्यविधि, २०८३
ग. कृषि र पशु सेवा केन्द्रका प्राविधिकलाई यातायात खर्च व्यवस्थापन कार्यविधि, २०८३
घ. नगरस्तरीय कृषि मेला प्रदर्शनी तथा व्यवस्थापन कार्यविधि, २०८३
ङ. पशुपन्छीहरुको सक्रामक रोग नियन्त्रण रोकथाम तथा व्यवस्थापन कार्यविधि, २०८३

निर्णय नं ७

फोहोरमैला व्यवस्थापनको जग्गा प्राप्ती र योजना कार्यान्वयनको हालसम्म भएको प्रगतिको विषयमा छलफल गरियो। बागमती प्रदेश सरकारबाट जग्गा प्राप्ती सम्बन्धमा हुने निर्णय पश्चात संघीय सरकारसँग आवश्यक प्रकृया अघि वढाउन समन्वय एवं पत्राचार गर्ने।

निर्णय नं ८

अन्य निकायहरुमा रितपूर्वक दर्ता भई यस नगरपालिकामा संस्थाको उद्देश्य बमोजिम कार्य गर्न अनुरोध भई आएका संस्थाको हकमा नियमानुसार कार्य गर्ने गरी सूचिकृत गर्ने। संस्था सूचिकृत हुन र अनुमति एवं ईजाजत प्रदान गर्ने सम्बन्धी कार्यविधि निर्माण गर्न सैद्धान्तिक सहमति प्रदान गर्ने।

निर्णय नं ९

मन्थली नगर खेलकुद विकास समितिको मिति २०८३।०६।२२ र २०८३।०७।१३ को निर्णयबाट सिफारिस भएका तपशिल अनुसारका कार्यक्रमहरुको भुक्तानी दिने र अन्य खेलकुद सम्बन्धी कार्यक्रमहरुका लागि बजेटको बाँडफाँड तथा सामाग्री व्यवस्थापन गर्न नगर प्रमुखलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो।

तपशिल

क. दीपशीखा व्वाईज क्लब मन्थली-२ खेलकुद प्रतियोगिताका लागि रु. ३००,०००।- (अन्य खेलकुद प्रतियोगितामा सहभागिता शिर्षकबाट)
ख. सानीमर्दौं सिकाई केन्द्रको कार्यक्रम लागि रु. ५०,०००।– (भाषा कला संस्कृति शिर्षकमा विनियोजन रहेकोबाट)।

निर्णय नं १०

बोर्डिङमा रहेका जिल्लाभित्रका बालबालिकाहरुका लागि **अस्थायी संरक्षण सेवा/केन्द्रको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८३** बमोजिम अन्य निकाय/साझेदार संस्थाहरुको सहयोगमा यस नगरपालिका वडा नं ३ स्थित साविकको कालिका आधारभूत विद्यालय, ठुलीमदौमा स्थापना हुने अस्थायी बालबालिका संरक्षण केन्द्र सञ्चालन एवं व्यवस्थापन गर्नका लागि आवश्यक समन्वय गर्ने।

मनोज अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

मन्थली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल

मनोज अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

मन्थली नगर कार्यपालिका ६३ औं वैठक
मिति : २०८३।०७।१७

निर्णय नं ११

चालु आ.ब. २०८३।०८४ को नगरपालिका अन्तर्गतका विषयगत समितिद्वारा पेश भएको पहिलो त्रैमासिक प्रगति प्रतिवेदन उपर छलफल गरियो। विषयगत समिति अन्तर्गतका सवै शाखा/उपशाखाबाट चालु आ.व.का लागि स्वीकृत कार्यक्रमहरु तोकिएको समय सीमाभित्र सम्पन्न गर्न निर्देशन दिने।

निर्णय नं १२

चालु आ.ब. २०८३।०८४ को स्वीकृत नगर विकास पुस्तिकामा एकमुष्ठ रुपमा बजेट विनियोजन रहेका **साना पूर्वाधार तथा प्रतिक्षालय समेत , मठ मन्दिर निर्माण तथा मर्मत, प्रभावित क्षेत्र तटबन्धन,खानेपानी तथा सरसफाई, भाषाकला साहित्य र साना तथा भूमिगत सिंचाई** शिर्षकमा रहेको वजेट मध्येबाट २०८३ आषाढमा सम्पन्न मन्थली नगर सभाको १९ औं अधिवेशनको वैठकबाट प्रत्यायोजित अधिकार बमोजिम योजना/कार्यक्रमगत रुपमा वजेट तोकी कार्यान्वयमा लैजाने अधिकार नगर प्रमुखलाई प्रत्यायोजन गर्ने निर्णय गरियो।

मनोज अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner